


वर्ष ४१ | अंक ११ | नेपाल राष्ट्र बैंक समाचार | साउन २०७४ | जुलाई-अगस्ट २०१७

# आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले असार २५ गते आयोजित एक कार्यक्रममा आर्थिक वर्ष २०७४।७५ को मौद्रिक नीति सार्वजनिक गर्नुभयो ।




गभर्नर डा. नेपालले सार्वजनिक गर्नु भएको सो मौद्रिक नीति अन्तर्राष्ट्रिय आर्थिक अवस्था, देशको वर्तमान आर्थिक तथा मौद्रिक स्थिति, तरलता व्यवस्थापन आदिका परिदृष्यहरुलाई दृष्टिगत गरी तर्जुमा गरिएको छ । आर्थिक वृद्धि, वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण, लघुवित्त तथा वित्तीय ग्राहक संरक्षण, विदेशी विनिमय व्यवस्थापन लगायतका क्षेत्रलाई पनि मौद्रिक नीतिले सम्बोधन गरेको छ। मौद्रिक नीतिको कार्यान्वयनबाट समग्र आर्थिक स्थायित्व तथा आर्थिक वृद्धिदर हासिल हुने अपेक्षा गरिएको छ ।

उक्त मौद्रिक नीति सार्वजनिक कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, सञ्चालकहरु प्रा. डा. श्रीराम पौडेल र श्री रामजी रेग्मी लगायत नेपाल राष्ट्र बैंकका विभिन्न तहका अधिकृतहरुका साथै सरोकारवाला निकायहरुबाट उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले गर्नु भएको थियो ।

गभर्नर डा. नेपालले सार्वजनिक गर्नु भएको सो मौद्रिक नीतिको सारांश पेज ८ मा राखिएको छ। साथै, सारांश तथा पूर्ण पाठ www.nrb.org.np मा पनि राखिएको छ ।

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले असार महिनामा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

उहाँले असार २ गते पोखरामा ओम डेभलपमेन्ट बैंक लिमिटेड र मनास्लु विकास बैंक लिमिटेड एक आपसमा गाभिए पश्चात् बनेको ओम डेभलपमेन्ट बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि योजना विभिन्न अनुसन्धान र अध्ययन पश्चात् ल्याइएको बताउनु भयो । बैंक तथा वित्तीय संस्थाहरू सबल तथा सक्षम बनुन् र ठूला परियोजनाहरूमा सजिलैसँग लगानी गर्न सकुन् भन्ने हेतुले पूँजी वृद्धिको नीति लिइएको उल्लेख गर्नुहुँदै उहाँले ठूला परियोजनाहरुमा धेरै वित्तीय संस्थाहरू मिलेर लगानी गर्नुपर्ने अवस्था विगतमा रहेको स्मरण गराउनु भयो । धेरै संस्थाहरूलाई राम्रो हुने कार्यहरु गर्दा केहीलाई नराम्रो हुन्छ भने पनि त्यसलाई आत्मसात गरी परिपालना गर्नुपर्छ भन्ने धारणा उहाँले राख्नुभयो ।



गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरू केन्द्रमा मात्र सीमित

बाँकी २ पेजमा

## गभर्नर डा. नेपाल कोलम्बोमा

गभर्नर डा. चिरंजीबि नेपाल Central Bank of Sri Lanka द्वारा असार २७ देखि २९ गतेसम्म आयोजित 46th Asian Clearing Union (ACU) Board of Directors Meeting/34th SAARCFINANCE Group Meeting तथा Governors' Symposium on "Challenges for the SAARC Region Amidst Global Uncertainties and Possible Policy Measures to Mitigate these Risks" मा सहभागी हुन असार २६ गते श्रीलंकाको कोलम्बोतर्फ प्रस्थान गर्नु भयो । ACU तथा सार्क राष्ट्रका विभिन्न केन्द्रीय बैंकका गभर्नरहरुको सहभागिता रहेको उक्त कार्यक्रममा सहभागी भई गभर्नर डा. नेपाल असार ३१ गते स्वदेश फर्कनु भयो । सो कार्यक्रममा विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना र सोही विभागका उपनिर्देशक ईश्वरीप्रसाद भट्टराईका साथै गभर्नरको कार्यालयका सहायक निर्देशक तेजबहादुर खाँडको पनि सहभागिता रहेको थियो ।

१ पेजको बाँकी

## गभर्नर डा. नेपालद्वारा...

नरही वित्तीय पहुँचबाट बञ्चित ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी त्यस क्षेत्रमा रहेका वित्तीय स्रोत र साधनलाई कसरी बचत गर्न सकिन्छ भन्ने ज्ञान अभिवृद्धि गरी वित्तीय सचेतना जगाउने तर्फ लाग्नु पर्नेमा जोड दिनुभयो । नेपाल राष्ट्र बैंकले मुलुकको आर्थिक क्षेत्रको गतिविधिलाई सुदृढ र सबलीकरणका आधारमा नीति नियमहरू बनाउने गरेको जानकारी दिँदै उहाँले सर्वसाधारणको निक्षेपको समुचित उपयोग गर्न बैंकर्सहरूसँग आग्रह गर्नुभयो ।

विनासकारी भूकम्पबाट देशमा ठूलो मात्रामा क्षति भएको अवस्थामा पनि सर्वसाधारण जनतासँग रहेको रकम बैंक तथा वित्तीय संस्थाहरूमा ठूलो मात्रामा जम्मा हुन आउनु बैंक प्रति जनताको विश्वास हो भन्नुहुँदै गभर्नर डा. नेपालले जनताको पैसाको संरक्षक भई कार्य गर्न बैंक तथा वित्तीय संस्थाहरूसँग आग्रह गर्नुभयो । बैंक तथा वित्तीय संस्थाहरूका प्रमुख कार्यकारी अधिकृतलाई नाफामुखी मात्र बनाउन सञ्चालकहरुले दबाब दिन नहुने सो समारोहमा गभर्नर डा. नेपालले सुझाउनु भयो ।

नेपाल राष्ट्र बैंकले मुलुकमा रहेका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरूसँग वित्तीय क्षेत्रसँग सम्बन्धित कार्यहरूमा समन्वय र सद्भावको आधारमा एउटा ग्लोबल भिलेजको रूपमा कार्य गरिरहेको जानकारी गभर्नर डा. नेपालले सो समारोहमा गराउनु भयो । नेपालले हाल हासिल गरेको ६.९ प्रतिशत आर्थिक वृद्धिको विश्व समुदायबाट गरिएको प्रसंशाबाट गौरवको अनुभूति भएको उल्लेख गर्दै उहाँले स्थानीय तहको निर्वाचन पश्चात् भएका बजेट विनियोजनले स्थानीय आर्थिक वृद्धिका साथै मुलुकको आर्थिक वृद्धिमा महत्वपूर्ण भूमिका खेल्ने कुरा बताउनु भयो ।

गभर्नर डा. चिरंजीबि नेपालले असार १६ गते कुमारी बैंक लिमिटेडले काष्ठमण्डप विकास बैंक लिमिटेड, काँक्रेबिहार विकास बैंक लिमिटेड, महाकाली विकास बैंक लिमिटेड र पश्चिमाञ्चल फाइनान्स लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।



उक्त अवसरमा गभर्नर डा. नेपालले मन्तव्य प्रस्तुत गर्नुहुँदै प्राप्ति पश्चात् बनेको कुमारी बैंक लिमिटेडलाई एकीकृत कारोबारको लागि शुभकामना व्यक्त गर्नुभयो । गभर्नर डा. नेपालले विभिन्न अन्तर्राष्ट्रिय निकायहरुले समेत लामो समयदेखि नेपाली बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि गर्नु उपयुक्त हुन्छ भन्ने धारणा व्यक्त गरिरहेको परिप्रेक्ष्यमा आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमार्फत नेपाल राष्ट्र बैंकले लिएको पूँजी वृद्धिको नीतिले नेपाली बैंक तथा वित्तीय संस्थाहरुलाई मजबुत बनाउनुको साथै ठूला परियोजनाहरुमा लगानी गर्न सक्षम समेत बनाएको छ भन्नुभयो ।

नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ को बजेटमार्फत लिएको नीति अनुसार देशभरका ७४४ वटा स्थानीय तहहरुमा वाणिज्य बैंकहरुको शाखा हुनुपर्ने प्रावधानले बैंकहरुलाई चुनौती मात्र नभई निक्षेप संकलन र लगानी विस्तार गर्ने अवसर समेत प्रदान गरेको धारण व्यक्त गर्नुहुँदै गभर्नर डा. नेपालले बैंकहरुलाई यसतर्फ दृढताका साथ लागि पर्न सुझाव दिनुभयो ।

साथै, उहाँले बैंकहरुले जनताको निक्षेपको सुरक्षा तथा व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी वहन गरेको हुनाले अन्य व्यापार-व्यवसाय जस्तै नाफामुखी मात्र हुन नमिल्ने बताउनु हुँदै जनताको निक्षेपको संरक्षकको रुपमा सञ्चालित हुनुपर्ने सुझाव समेत दिनुभयो ।



गभर्नर डा. चिरंजीबि नेपालले असार १८ गते सिभिल बैंक लिमिटेडले युनिक फाइनान्स लिमिटेड र हामा मर्चेण्ट एण्ड फाइनान्स लिमिटेडलाई प्राप्ति गरे पश्चात्को एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

सो शुभारम्भ कार्यक्रममा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले लिएको पुँजी वृद्धिको नीति सफल हुँदै गइरहेको र यसका लागि बैंक तथा वित्तीय संस्थाहरु समेत धन्यवादको पात्र भएको कुरा राख्दै ६.९ प्रतिशतको आर्थिक वृद्धिदर, नियन्त्रित मुद्रास्फीति र सुधारिएको विद्युत आपूर्तिको परिप्रेक्ष्यमा आजको नेपाल विकासको पथमा अग्रसर भइरहेकोले बैंकिङ क्षेत्रको लागि समेत धेरै सम्भावनाहरु देखिएको कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकहरुले उत्पादनशील क्षेत्रमा बढी ध्यान दिनुपर्ने र यसमध्ये पनि कृषिको क्षेत्रमा अझ विशेष ध्यान दिई नयाँ तथा रचनात्मक तरिकाले सेवा विस्तार गर्नुपर्ने सुझाव दिनुभयो ।

गभर्नर डा. नेपालले नेपाल सरकारले आर्थिक वर्ष २०७४/७५ को बजेटमार्फत लिएको नीति अनुसार देशभरका ७४४ वटा स्थानीय तहहरुमा शाखा विस्तार गर्न वाणिज्य बैंकहरुलाई सुझाव दिनुभयो ।

बाँकी ३ पेजमा

२ पेजको बाँकी

## गभर्नर डा. नेपालद्वारा...

गभर्नर डा. चिरंजीबि नेपालले असार १८ गते काठमाडौंमा महालक्ष्मी विकास बैंक र यति डेभलपमेन्ट बैंक गाभिएर बनेको महालक्ष्मी विकास बैंकको एकीकृत कारोवारको शुभारम्भ गर्नुभयो ।




उक्त समारोहमा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले सबै स्थानीय तहमा बैंकहरू पुग्नु पर्ने आवश्यकता औंल्याउनुभयो । मुलुकमा क्रमशः राजनीतिक स्थिरता कायम हुँदै गएको र मुलुकमा बन्द हडतालका घटनाहरू पनि कम हुँदै गएका कारण अबको समय पूर्वाधार र पुनर्निर्माण क्षेत्रमा लगानी बढाउनुपर्ने पनि गभर्नर नेपाल बताउनु भयो ।

सो समारोहमा उहाँले बैंकले कर्जा विस्तार गर्ने मात्र नभएर त्यसको सुरक्षामा समेत विशेष ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । बैंक तथा वित्तीय संस्था सुगम क्षेत्रमा मात्र पुगेको भन्दै दुर्गममा पनि जानुपर्नेमा उहाँले जोड दिनुभयो । साथै, अझै पनि ६० प्रतिशत जनता औपचारिक बैंकिङ पहुँचभन्दा बाहिर रहेको भन्दै उनीहरूको पैसालाई बैंकिङ च्यानलमा ल्याउन आग्रह गर्नुभयो ।

बैंकहरूमा सर्वसाधारण जनताको बचत रहने हुँदा जनताको पैसामा चलेको बैंक कहिल्यै पनि निजी नहुने भन्दै राष्ट्र बैंकले पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको नियमन र सुपरिवेक्षणलाई चुस्त रुपमा अगाडि बढाउँदै लगेको र कुनै पनि बैंकमा केही कैफियत भेटे तत्काल कारवाही गर्ने कुरा पनि गभर्नर नेपालले बताउनु भयो ।

# तेस्रो रणनीतिक योजना २०१७-२०२१ सम्बन्धी अन्तरक्रिया

संस्थागत योजना विभागले असार १८ गते नेपाल राष्ट्र बैंकको तेस्रो रणनीतिक योजना (२०१७-२०२१) को अन्तिम मस्यौदालाई पूर्णता दिने प्रयोजनका लागि अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।

उक्त कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले संस्थाको सबैभन्दा महत्त्वपूर्ण रणनीतिक योजना बन्दै गरेको परिप्रेक्ष्यमा बैंकको vision र mission मा केन्द्रित रही तेस्रो रणनीतिक योजना २०१७-२०२१ को कार्यहरु तयार हुँदै गरेको जानकारी दिनुभयो । उहाँले नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्रको नियामक निकाय भएको हुँदा बदलिँदो कार्य वातावरण, परिमार्जित वित्तीय नियमन ऐन तथा नियम र वित्तीय क्षेत्र स्थायित्वका लागि आवश्यकता अनुरुप बैंकको तेस्रो रणनीतिक योजना २०१७-२०२१ निकै प्रभावकारी तथा समयसापेक्ष हुने बताउनु भयो । विश्वका केन्द्रीय बैंकहरुले नियामक भन्दा सुपरिवेक्षकको भूमिकामा बढी जोड दिइरहेको अवस्थामा बैंकको रणनीतिक योजनाहरु बनाउने क्रममा सो विषयलाई बढी महत्व दिन उहाँले निर्देशन दिनुभयो । साथै, आउँदा दिनमा बैंकका उद्देश्यहरु पूर्तिका लागि रणनीतिक योजनामा विभिन्न Core Strategic Pillars तथा Supporting Strategic Pillars हरुमा कार्यहरु कार्यान्वयन गर्न सकिने, बैंकको काम कारवाहीलाई अझ प्रभावकारी बनाउने, modern, dynamic, credible and effective central bank बनाउन मद्दत गर्ने खालका कार्य राखी अझ परिष्कृत गर्न सबै जिम्मेवार विभाग तथा कार्यालयहरुलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, सञ्चालक समितिका सदस्य तथा तेस्रो रणनीतिक योजना २०१७-२०२१ का संयोजक डा. श्रीराम पौडेल एवम् सञ्चालक रामजी रेग्मी उपस्थिति हुनुहुन्थ्यो । कार्यक्रममा संस्थागत योजना विभागका कार्यकारी निर्देशक डा. शंकरप्रसाद आचार्य लगायत काठमाडौं उपत्यकास्थित सबै विभाग, कार्यालय तथा महाशाखाका कार्यकारी निर्देशक/निर्देशकहरुको सहभागिता रहेको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा बैंकको शाखा कार्यालय उद्घाटन

हाम्रो विकास बैंकले नुवाकोटको ककनीमा स्थापना गरेको नयाँ शाखा कार्यालयको डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले एक समारोहका बीच असार २६ गते उद्घाट्न गर्नुभयो ।

उद्घाट्नको सिलसिलामा प्रमुख अतिथिको तर्फबाट बोल्नुहुँदै डेपुटी गभर्नर शिवाकोटीले पैसाको बचतका लागि बैंकलाई विश्वास गर्नुपर्ने र आवश्यक परेको वेलामा प्रक्रिया पुऱ्याएर कर्जा लिन सकिने हुनाले यसबाट फाइदा लिन सर्वसाधारणलाई अनुरोध गर्नुभयो । सो अवसरमा उहाँले हाम्रो विकास बैंकको शाखा कार्यालय स्थापनाले त्यस क्षेत्रको आर्थिक गतिविधि थप चलयमान हुनेमा विश्वास व्यक्त गर्दै बैंकको सफलताको कामना पनि गर्नुभयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक पार्वती लामा, हाम्रो विकास बैंकका सञ्चालकहरु, कर्मचारी तथा स्थानीय सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।



# AML/CFT सम्बन्धी अन्तरक्रिया

वितीय जानकारी एकाइले असार ५ गते काठमाण्डौंमा "राष्ट्रिय स्तरका विकास बैंक तथा वित्त कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरुसँग FIU IT Software System (goAML) को कार्यान्वयन तथा AML/CFT सम्बन्धी अन्तरक्रिया" कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा डेपुटी गभर्नर शिवराज श्रेष्ठले AML/CFT का सम्बन्धमा राष्ट्रिय प्रणालीमा नेपालले गरेको प्रगतिका सम्बन्धमा प्रकाश पार्दै एकाइमा स्थापना भएको goAML system ले नियमित कार्यलाई अझ बढी प्रभावकारी बनाउन मद्दत पुग्ने बताउनु भयो । यसबाट काममा चुस्तता आउनुका साथै विश्लेषण तथा संप्रेषणमा छरितोपना आउने उल्लेख गर्दै उहाँले आगामी सन् २०२०/२१ मा हुने पारस्परिक मूल्याङ्कनका लागि सूचक संस्थाको महत्त्वपूर्ण भूमिका रहने हुँदा ऐन, नियम तथा निर्देशनमा रहेको दायित्व पूर्ण रुपमा पूरा गर्न उपस्थित विकास बैंक तथा वित्त कम्पनीका प्रतिनिधिहरुलाई निर्देशन पनि दिनुभयो ।

सो कार्यक्रममा वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्टले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी विरुद्ध निर्देशित ऐन, नियम तथा निर्देशिका बमोजिम सूचक संस्थाहरुको दायित्व र सूचक संस्थाले वित्तीय जानकारी एकाइमा पेश गर्ने प्रतिवेदनहरु विद्युतीय प्रणाली अन्तर्गत goAML System मार्फत पेश गर्नका लागि सूचक संस्थाले गर्नुपर्ने तयारीका सम्बन्धमा जानकारी गराउनु भयो । उपनिर्देशकद्वय देवेन्द्र गौतम र शरणकुमार अधिकारीले "AML/CFT Framework and goAML Implementation" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

# अन्तर्राष्ट्रिय मुद्रा कोषबाट भुक्तानी प्रणाली ओभरसाइट सुदृढीकरणका लागि प्राविधिक सहायता



नेपाल राष्ट्र बैंकले सम्पादन गर्ने भुक्तानी प्रणालीको ओभरसाइट कार्यको सुदृढीकरणका निमित्त अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) बाट प्राविधिक सहायता माग गरे अनुरुप Senior Financial Sector Expert Mr.Tanai Khiaonarong को मिसन २०७४ असार १० गतेदेखि असार २४ गतेसम्म नेपालमा कार्यरत रहृयो । उक्त अवधिमा Mr.Tanai Khiaonarong ले गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठसँग अलग अलग भेट गरी मिसनले गर्न सक्ने सहयोगका क्षेत्र र आपसी हितका विषयमा गम्भीरतापूर्वक छलफल भयो । मिसनले यस बैंकका विभिन्न १० वटा विभाग, Payment System Advisor Mr. KyungJin Jeon र भुक्तानीका क्षेत्रमा कार्यरत विभिन्न ६ वटा संस्थासँग नेपालको भुक्तानी प्रणालीको अवस्था, आगामी दिनमा गर्न सकिने सुधार र अन्तर्राष्ट्रिय अनुभवका सम्बन्धमा छलफल गरेको थियो ।



डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठ लगायत अन्य सम्बन्धित विभागका प्रमुखहरुको समुपस्थितिमा असार २२ गते गभर्नरको कार्यालयमा मिसनले आफ्नो प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको थियो । उक्त अवसरमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले मिसनले नेपालको भुक्तानी प्रणालीको समग्र अध्ययन गरी प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेकोमा हार्दिक धन्यवाद दिनुहुँदै विस्तृत प्रतिवेदन छिटै प्राप्त हुने आशा व्यक्त गर्नुभएको थियो भने डेपुटी गभर्नर शिवराज श्रेष्ठले उक्त प्रतिवेदन प्रस्तुतिका क्रममा यस सम्बन्धी विभिन्न जिज्ञासा राख्नु भएको थियो ।



यसका साथै, Mr.Tanai Khiaonarong नै स्रोत व्यक्ति रही असार १९ गते अनुसन्धान विभागको सभाकक्षमा The Oversight of Payments and Financial Market Infrastructures विषयक कार्यशाला सम्पन्न भयो । उक्त कार्यशालामा विभिन्न १२ वटा विभागबाट २० जना अधिकृतहरु सहभागी हुनुभएको थियो ।

# नेपाल राष्ट्र बैंक र बैंक अफ कोरिया बीच Terms of Reference मा हस्ताक्षर

The 2017 Bank of Korea Knowledge Partnership Program (KPP) with the Nepal Rastra Bank कार्यक्रम अन्तर्गत Development of a Macroeconomic Model for Economic Forecasting सम्बन्धी Terms of Reference मा नेपाल राष्ट्र बैंक र बैंक अफ कोरिया (दक्षिण कोरियाको केन्द्रीय बैंक) बीच मिति २०७४ आषाढ १३ गते काठमाडौंमा आयोजित एक समारोहमा हस्ताक्षर कार्यक्रम सम्पन्न भएको छ ।




बैंक अफ कोरियाले विभिन्न समयमा नेपाल राष्ट्र बैंकलाई प्राविधिक सहायता प्रदान गर्दै आइरहेकोमा यस कार्यक्रम अन्तर्गत बैंक अफ कोरियाको प्राविधिक सहायतामा कोरियाको Yonsei University का अनुसन्धानकर्ताहरुको संलग्नतामा नेपालको आर्थिक प्रक्षेपणका लागि Macroeconomic Model सन् २०१७ भित्र तयार गर्ने गरी समझदारी भएको छ । उक्त Terms of Reference मा नेपाल राष्ट्र बैंकको तर्फबाट गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ र बैंक अफ कोरियाको तर्फबाट International Affairs Department का Deputy Director General, Jong Suk Won ले हस्ताक्षर गर्नु भएको थियो ।




हस्ताक्षर कार्यक्रम का. मु. गभर्नर चिन्तामणि शिवाकोटी, डेपुटी गभर्नर शिवराज श्रेष्ठ, कार्यकारी निर्देशकहरु तथा Bank of Korea/Yonsei University का प्रतिनिधिहरुको समुपस्थितिमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले स्वागत मन्तव्य राख्नुका साथै नेपालको अर्थतन्त्रको वर्तमान अवस्था तथा नेपालको आर्थिक संरचनाका बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । साथै, अनुसन्धान विभाग, बैंक अफ कोरियाको KPP Team र Yonsei University का अनुसन्धानकर्ता बीच Kick Off Seminar पनि सम्पन्न भएको थियो ।

# भानु दिवसको अवसरमा काव्यसभा

२०४ औं भानु दिवसको अवसरमा असार २९ गते नेपाल राष्ट्र बैंकमा काव्यसभा आयोजना गरियो । सो काव्यसभामा मन्तव्य राख्दै अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले व्यक्तिगत सम्पत्तिको उपयोग समाजका लागि भएमा नै सार्थक सम्पत्ति हुने र उद्यम नगर्ने मान्छे ज्युँदै मर्ने सन्देश भानुभक्तले दिएको उल्लेख गर्नुभयो । भानुभक्तले संस्कृतको अध्यात्म रामायणलाई नेपाली भाषामा अनुवाद गरेर भाषा एकीकरणको कार्यमा पनि योगदान गर्नु भएको उहाँले बताउनु भयो ।

बैंकको बालुवाटार कार्यालयमा आयोजित सो काव्यसभामा भानुभक्तलाई स्मरण गर्दै कविता वाचन गरिएको थियो । नेपाल राष्ट्र बैंकका कविहरु सर्वश्री केदारप्रसाद आचार्य, डा.गुणाकर भट्ट, भीष्मप्रसाद उप्रेती, कल्पनादेवी भट्टराई, भानुभक्त भट्टराई, हेमराज अधिकारी, जयन्ती चापागाईं, बबिता ढुङ्गाना, वासुदेव अधिकारी, डा. बामदेव सिग्देल, राजनविक्रम थापा, विभुप्रसाद अर्याल, रामप्रसाद राजभण्डारी, सार्थक कार्की र शम्भुनाथ ढुङ्गाना लगायतले कविता वाचन गर्नुभएको थियो ।

उक्त कार्यक्रमको संचालक गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले भानुभक्तमा समाजबोध उच्च रहेको धारणा व्यक्त गर्दै कविता सन्देश संप्रेषणको महत्वपूर्ण माध्यम रहेको विचार व्यक्त गर्नु भएको थियो ।

# PAN कार्यान्वयन सम्बन्धी गोष्ठी

असार २१ गते वित्त व्यवस्थापन विभागद्वारा अनुसन्धान विभागको सभाकक्ष, बालुवाटारमा "तलब भत्ता, बैठक भत्ता तथा अन्य भुक्तानीमा हुने कर कट्टी विवरणहरु PAN मा अभिलेखिकरण तथा E-TDS Filling गर्ने प्रक्रिया एवम् विधि" विषयक कार्यशाला गोष्ठी आयोजना गरियो ।

उक्त गोष्ठीमा आन्तरिक राजश्व विभाग, करदाता सेवा कार्यालय टंगालका प्रतिनिधिहरुले भुक्तानीमा हुने कर कट्टी सम्बन्धी प्रचलित व्यवस्थाहरुलाई समेटेर तयार गरिएको 'भुक्तानीमा अग्रिम कर कट्टी' सम्बन्धी तथा PAN upload, E-TDS Filling र ETDS Process सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँहरुको सो प्रस्तुति अग्रिम कर कट्टीमा संलग्न पक्षहरु, विशेष प्राथमिकता, कर कट्टी गरिने भुक्तानीहरु, रोजगारीको आयमा समावेश हुने/नहुने रकमहरु, नियमको परिपालना लगायतका विषयवस्तुमा केन्द्रित थियो ।

उक्त गोष्ठीमा वित्त व्यवस्थापन विभागका का. मु. कार्यकारी निर्देशक डा. वामदेव सिग्देलले स्वागत मन्तव्य दिनु भएको थियो भने सोही विभागका निर्देशक तेजबहादुर रानाले गोष्ठीको समीक्षा एवम् धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सो गोष्ठीमा बैंकका विभिन्न विभाग, कार्यालय, केन्द्र, एकाइ, महाशाखाबाट १८ जना लगायत आयोजक विभागका सहित करिब ४५ जनाको सहभागिता रहेको थियो ।

# विदेशी विनिमय सञ्चिति सम्बन्धी अन्तरक्रिया




विदेशी विनिमय व्यवस्थापन विभागले असार १८ गते काठमाडौंमा “विदेशी विनिमय संचितिको रिपोर्टिङमा देखिएका समस्या र समाधानका उपायहरु” विषयक एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

उक्त कार्यक्रममा कार्यकारी निर्देशक भिष्मराज ढुङ्गानाले विदेशी विनिमय सञ्चितिको रिपोर्टिङ गर्दा प्राप्त तथ्यांकले नीति निर्माण गर्न तथा जारी भएका नीतिको समीक्षा गर्नमा समेत निकै भूमिका खेल्ने हुँदा यथार्थपरक र बैंकले तोकेको ढाँचा अनुरुप तथ्यांक उपलब्ध गराउन अनुरोध गर्नुभयो । उहाँले यस्ता कार्यक्रमले बैक तथा वित्तीय संस्थामा रिपोर्टिङमा संलग्न कर्मचारीहरुलाई रिपोर्टिङका क्रममा देखापर्ने समस्याहरुको समाधान गर्न टेवा पुग्ने उल्लेख गर्दै कार्यक्रममा सहभागीहरुलाई धन्यबाद ज्ञापन पनि गर्नुभयो ।

उक्त अन्तरक्रिया कार्यक्रमको महत्व माथि प्रकाश पार्दै निर्देशक सुनिल उदासले स्वागत मन्तब्य दिनु भएको थियो । कार्यक्रममा उपनिर्देशक ईश्वरीप्रसाद भट्टराई र सहायक निर्देशक भरतदेव पाण्डेयले संयुक्त रुपमा विदेशी विनिमय सञ्चितिको साप्ताहिक रिपोर्टिङ तथा रिपोर्टिङमा देखिएका समस्या र समाधानका उपायहरु विषयक कार्यपत्र प्रस्तुत गर्नुका साथै कार्यपत्रमाथि छलफल हुँदा उठेका जिज्ञासाहरुको प्रत्युत्तर पनि दिनुभएको थियो ।

उक्त कार्यक्रममा २८ वटा वाणिज्य बैंक र ६ वटा विकास बैंकका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागीहरुको तर्फबाट नेपाल ईन्भेष्टमेन्ट बैंकका प्रतिनिधि सन्तोष घिमिरेले कार्यक्रमले साप्ताहिक रिपोर्टिङमा एकरुपता ल्याउन मद्दत गर्नुका साथै रिपोर्टिङमा देखिएका समस्याहरु समाधान गर्न उपयुक्त विकल्पहरु पहिचान गर्न सहयोग गरेको धारणा राख्नु भएको थियो । कार्यक्रममा उद्घोषकको भूमिका सहायक निर्देशक अरुणकुमार साहले निर्वाह गर्नु भएको थियो ।

# विराटनगरमा अन्तरक्रिया कार्यक्रम

नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयको स्वीकृत वार्षिक कार्य योजना अनुसार असार २३ गते झापाको दमकमा समसामयिक आर्थिक तथा बैकिङ गतिविधिका सम्बन्धमा त्यस क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमको पहिलो चरणमा कार्यक्रमका प्रमुख अतिथि तथा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले आर्थिक तथा बैंकिङ क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको सम्बन्धमा संक्षिप्त चर्चा गर्दै पूर्वाञ्चल क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको वर्तमान अवस्था, समस्या, अवसर तथा चुनौती र वित्तीय पहुँचका सम्बन्धमा सहभागीहरुलाई जानकारी गराउनु भयो ।

कार्यक्रमको दोश्रो चरणमा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रबन्धकहरुले राखेका जिज्ञासा, समस्या, गुनासा तथा सुझावहरुका सम्बन्धमा उहाँले प्रष्ट पार्नु भएको थियो । दमकमा नोटकोषको स्थापना अन्तिम चरणमा रहेकोमा कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुले खुशी व्यक्त गर्दै नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयलाई पहल कदमीको लागि विशेष धन्यवाद दिएका थिए ।

दमक तथा विर्तामोड क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुका प्रबन्धकहरुको उपस्थिति रहेको उक्त अन्तरक्रिया कार्यक्रमको संचालन प्रधान सहायक सविन ओलीले गर्नु भएको थियो ।

# आपसी समझदारी सम्पन्न

वित्तीय जानकारी एकाइ, नेपाल र New Zealand Police Financial Intelligence Unit तथा Cambodia Financial Intelligence Unit बीच सम्पत्ति शुद्धीकरण, आतंकबादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध अपराध सम्बन्धी सूचना (Intelligence) एक आपसमा आदानप्रदान गर्ने सम्बन्धमा छुट्टाछुट्टै समझदारी (Memorandum of Understanding-MOU) भएको छ ।

उक्त दुवै MOU मा नेपालका तर्फबाट Egmont Group of FIU को Plenary मा भाग लिन जाँदा Macau मा वित्तीय जानकारी एकाइका निर्देशक ऋषिकेश भट्टले तथा New Zealand Police Financial Intelligence Unit को तर्फबाट Assistant Commissioner Richard Chambers ले र Cambodia Financial Intelligence Unit को तर्फबाट प्रमुख H. E. Say Sam-Ath ले ४ जुलाइ २०१७ मा हस्ताक्षर गर्नुभएको छ ।

MOU पश्चात् सम्बन्धित देशहरुले एक आपसमा सम्पत्ति शुद्धीकरण, आतंकबादी क्रियाकलापमा वित्तीय लगानी तथा सम्बद्ध अपराध सम्बन्धी सूचना (Intelligence) एक आपसमा आदान प्रदान गर्न सक्नेछन् । यसरी प्राप्त भएका सूचनाहरु प्राप्त गर्ने राष्ट्रले सूचना दिने राष्ट्रको लिखित निर्देशन बमोजिम प्रयोग गर्न पाउनेछ । यी दुई मुलुकसँग MOU गरे सँगै वित्तीय जानकारी एकाइ, नेपालले विदेशी मुलुकहरुसँग गरेको MOU को संख्या जम्मा १४ पुगेको छ ।

## लक्षित समूह छलफल सम्पन्न

नेपालगञ्ज कार्यालयले असार २४ गते "सल्यान जिल्लामा व्यावसायिक अदुवा खेतीको अवस्था तथा सम्भावनाहरु" विषयक विशेष अध्ययन अन्तर्गत सल्यानको श्रीनगरमा सरोकारवाला निकाय, संघ संस्था, कृषक एवम् व्यापारीहरुसँग "लक्षित समूह छलफल कार्यक्रम" (Focus Group Discussion) सम्पन्न गऱ्यो ।



उक्त कार्यक्रममा बोल्नुहुँदै नेपालगञ्ज कार्यालयका निर्देशक गुरुप्रसाद पौडेलले सल्यान जिल्ला अदुवा उत्पादनको हिसाबले प्रख्यात भए पनि उचित बजार नपाउँदा कृषकले त्यसबाट फाइदा लिन नसकेको बताउनु भयो । उहाँले बैंक तथा वित्तीय संस्थाले कृषियोग्य क्षेत्रमा लगानी बढाउनु पर्नेमा जोड दिँदै स्थानीय स्तरमा नै अदुवा प्रशोधन केन्द्र खोल्न सकिएमा त्यसले सल्यान जिल्लाको साथै समग्र गार्हस्थ्य उत्पादनमा समेत सकारात्मक टेवा पुऱ्याउने उल्लेख गर्नुभयो । सो कार्यक्रममा सहायक निर्देशक ध्रुव कार्कीले स्वागत मन्तव्य दिनुभयो । सहायक निर्देशक चोपकान्त सुवेदीले अध्ययनको प्रारम्भिक नतिजाको बारेमा Power Point Slides प्रस्तुत गर्नुभयो ।

उक्त कार्यक्रममा जिल्ला कृषि विकास कार्यालय, अदुवा बाली अनुसन्धान कार्यक्रम, कपुरकोट, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना श्रीनगरका कार्यालय प्रमुख तथा प्रतिनिधिहरु, सल्यान उद्योग वाणिज्य संघका प्रतिनिधि, अदुवा उत्पादनको पकेट क्षेत्रका करिब ४० जना अदुवा उत्पादक कृषकहरु, स्थानीय व्यापारीहरु लगायत सल्यान जिल्लाका बैंक तथा वित्तीय संस्थाका शाखा प्रमुखहरुको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन प्रधान सहायक कमलप्रसाद न्यौपानेले गर्नु भएको थियो ।

## ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले असार महिनामा दुईवटा ज्ञान आदानप्रदान कार्यक्रमको आयोजना गऱ्यो । असार १४ गते आयोजित ज्ञान आदानप्रदान कार्यक्रममा सानिमा बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत भुवन दाहालले Commercial Banking in Nepal: Current Issues and Challenges विषयमा प्रस्तुति दिनुभयो । त्यसैगरी, असार २२ गते आयोजित ज्ञान आदानप्रदान कार्यक्रममा International Monetary Fund का Senior Financial Sector Expert Mr. Tanai Khiaonarong ले Fintech and Financial Services: Initial Considerations विषयमा प्रस्तुति दिनुभयो । उक्त दुवै कार्यक्रमका ज्ञान आदानप्रदानसँग सम्बन्धित सामग्री home.nrb.org.np मा राखिएको छ ।

## वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

सर्वसाधारण, महिला, विद्यार्थी आदिलाई वित्तीय चेतना प्रदान गरी उनीहरुलाई उद्यमी बन्न तथा इजाजतपत्र प्राप्त संस्थाहरुसँग वित्तीय कारोवार गर्न अभिप्रेरित गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको सहयोग र पालुङ बहुद्देश्यीय सहकारी संस्थाको आयोजनामा असार ४ गते थाहा नगरपालिका, मकवानपुरमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले वित्तीय चेतना सम्बन्धी ज्ञान प्रदान गर्नुभयो । उहाँले नेपालको बैंकिङ प्रणालीको बारेमा प्रकाश पार्नुका साथै वित्तीय चेतनासँग सम्बन्धित अत्यावश्यकीय जानकारीहरु पनि प्रस्तुत गर्नुभयो ।

## विभिन्न बैंक तथा वित्तीय संस्थाद्वारा एकीकृत कारोबार

फेवा विकास बैंक लिमिटेड र गण्डकी विकास बैंक लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई असार २१ गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "गण्डकी विकास बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेड र लुम्बिनी फाइनान्स एण्ड लिजिङ कम्पनी लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई असार २५ गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "लुम्बिनी विकास बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडले रिलायवल डेभलपमेण्ट बैंक लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरी असार २५ गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "ग्लोबल आइएमई बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडले एस डेभलपमेण्ट बैंक लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरी असार २९ गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

जनता बैंक नेपाल लिमिटेडले सिद्धार्थ डेभलपमेण्ट बैंक लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरी असार ३० गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "जनता बैंक नेपाल लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेडले कसमस डेभलपमेण्ट बैंक लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरी असार ३० गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले सगरमाथा फाइनान्स लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरी असार ३१ गतेदेखि दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "सेञ्चुरी कमर्सियल बैंक लिमिटेड"को नामबाट सञ्चालन भएको छ ।

# गभर्नर डा. चिरंजीबि नेपालले २०७४ असार २५ गते सार्वजनिक गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको सारांश

## पृष्ठभूमि

१. आर्थिक वृद्धि र समष्टिगत आर्थिक स्थायित्वका दृष्टिकोणले आर्थिक वर्ष २०७३/७४ उत्साहप्रद रह्यो । उच्च आर्थिक वृद्धि, न्यून मुद्रास्फीति र शोधनान्तर बचतको स्थितिले अर्थतन्त्रमा नयाँ आशाको संचार जगाएको छ ।

२. आर्थिक वर्ष २०७३/७४ को पहिलो त्रयमासपछि देखिएको वित्तीय असन्तुलनमा यस बैंकले अपनाएका नीतिगत उपायहरुका कारण सुधार आएको छ । बैंकिङ्ग क्षेत्रमा रहेको निक्षेप संरचनामा सकारात्मक परिवर्तन आएको छ । साथै, निक्षेपको न्यून ब्याजदरमा पनि सुधार देखिएको छ ।

३. विश्व अर्थतन्त्र, स्थानीय तहको निर्वाचन, नेपाल सरकारको वार्षिक बजेट, बैंकिङ्ग क्षेत्रमा देखिएको वित्तीय असन्तुलन, नेपालीहरुको श्रम गन्तव्य मुलुकहरुमा उत्पन्न पछिल्लो स्थिति तथा बढ्दो आयातलाई ध्यानमा राखी आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीति तर्जुमा गरिएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०५९/६० देखि सार्वजनिक गर्न थालिएको वार्षिक मौद्रिक नीतिको यो सोह्रौ श्रृंखला हो ।

४. बैंकिंग क्षेत्रका विभिन्न संघ संस्थाहरु, वुद्धिजीवि, सर्वसाधारण लगायत सबै सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत ध्यानमा राखी यो मौद्रिक नीति तर्जुमा गरिएको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५. विश्व अर्थतन्त्र सुधारोन्मुख रहेको अन्तर्राष्ट्रिय मुद्राकोषको प्रक्षेपण छ । छिमेकी देशहरु भारत र चीन दुवैको आर्थिक वृद्धिदर सकारात्मक दिशामा रहेको कोषको अनुमान छ ।

६. संयुक्त राज्य अमेरिकाको फेडरल रिजर्वले सन् २०१५ डिसेम्बरदेखि मौद्रिक नीतिलाई सामान्यीकरण गर्दै लगेको छ । तर यूरो क्षेत्र तथा जापानमा भने मौद्रिक कार्यदिशा लचिलो नै रहने देखिन्छ । पछिल्लो विश्व राजनीतिक परिवेश तथा नीतिगत परिवर्तनका कारण अन्तर्राष्ट्रिय व्यापार तथा पूँजीप्रवाहमा असर पर्न सक्ने देखिन्छ ।

क्रमशः ९ पेजमा

## बढुवा

बैंक सुपरिवेक्षण विभाग र भुक्तानी प्रणाली विभागका उपनिर्देशकहरु क्रमशः किरण पण्डित र सत्येन्द्र तिमिल्सिना आन्तरिक प्रतियोगितात्मक परीक्षामा सफल भई निर्देशक (अधिकृत प्रथम) पदमा बढुवा हुनु भएको छ ।

सहायक निर्देशकहरु अनुसन्धान विभागका गुणराज भट्ट, सजना शिल्पकार, सुशिल पौडेल र नन्दकुमार ढकाल तथा विराटनगर कार्यालयका विना ढकाल पौडेलका साथै समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका विवेक कोइराला आन्तरिक प्रतियोगितात्मक परीक्षामा सफल भई उपनिर्देशक (अधिकृत द्वितीय) पदमा बढुवा हुनु भएको छ ।

सिद्धार्थनगर कार्यालयका कृष्णप्रसाद भट्टराई र बैंकिङ कार्यालयका अर्चना आचार्य आन्तरिक प्रतियोगितात्मक परीक्षामा सफल भई प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा हुनु भएको छ ।

बढुवा भई निर्देशक, उपनिर्देशक र प्रधान सहायक हुनुभएका सबैलाई समाचारको हार्दिक बधाई छ ।

## इजाजतपत्र रद्द

सहकारी ऐन २०४८ बमोजिम जिल्ला सहकारी कार्यालय झापामा दर्ता भई नेपाल राष्ट्र बैंकबाटसीमित बैंकिङ कारोबार गर्न इजाजतपत्र प्राप्त नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. काकडभिट्टा, झापाले सीमित बैंकिङ कारोबार गर्ने इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्तहरु विपरित ओभर ड्राफ्ट प्रकृतिको कर्जा प्रदान गर्ने व्यवस्था गर्ने, प्रबन्ध निर्देशक स्वयंको अचल सम्पत्तिको धितोमा आफू संलग्न रहेको समितिबाट निर्णय गरी कर्जा प्रदान गर्ने, एकाघर परिवारका सदस्यहरुलाई कर्जा प्रदान गर्ने, संस्थाको दैनिक काम कारवाहीमा सञ्चालक समितिका सदस्यहरु संलग्न हुने, स्वीकृति विना शाखा खोली सञ्चालन गर्ने, अन्य सहकारी संस्थाहरुलाई आफूमा गाभ्ने, निरीक्षण प्रतिवेदनको वेवास्ता गरी प्रतिउत्तर नपठाउने, संस्थागत निक्षेप स्वीकार गर्ने, बिना कुनै नीति तथा योजना अन्य व्यवसाय सञ्चालन गर्ने आदि जस्ता संस्थागत सुशासन विपरितका गतिविधिहरु सञ्चालन गरेको पाइएकोले नेपाल राष्ट्र बैंकबाट नेपाल बहुद्देश्यीय सहकारी संस्था लि. काकडभिट्टा, झापालाई प्रदान गरिएको सीमित बैंकिङ कारोबार गर्ने इजाजतपत्र रद्द भएको छ ।

## नगद कारोबार सम्बन्धी व्यवस्था

नेपाल सरकारको निर्णय अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) को प्रयोजनको लागि प्रचलित कर सम्बन्धी कानूनले अन्यथा व्यवस्था गरेकोमा वा **देहाय बमोजिमको अवस्थामा बाहेक** संवत् २०७४ साउन १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले **एकपटकमा दश लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको** कुनै वस्तु वा सेवाको खरिद बिक्री वा अन्य कारोबार गर्दा **वित्तीय संस्था वा बैंकिङ उपकरण मार्फत** गर्नुपर्ने व्यवस्था गरिएको छ ।

(क) वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न,

(ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न,

(ग) वित्तीय संस्थाहरुबीचमा नगद कारोबार गर्न,

(घ) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्ताको खाता रहेको वित्तीय संस्थाबाट निक्षेपकर्ता वा बचतकर्तालाई उल्लिखित सीमाभन्दा बढी नगद भुक्तानी दिन ।

८ पेजको बाँकी

## आर्थिक स्थितिको समीक्षा

७. आर्थिक वर्ष २०७३/७४ मा यथार्थ कुल गार्हस्थ्य उत्पादन ६.९ प्रतिशतले वृद्धि हुने अनुमान छ।

८. आर्थिक वर्ष २०७३/७४ मा वार्षिक औसत मुद्रास्फीति दर ७.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य लिइएको थियो। चालू आर्थिक वर्षको एघार महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर ४.६ प्रतिशत रहेको छ। वार्षिक बिन्दुगत आधारमा २०७४ जेठमा उपभोक्ता मुद्रास्फीति दर २.८ प्रतिशत रहेको छ।

९. २०७४ असार १६ गतेसम्म नेपाल सरकारको नगद प्रवाहमा आधारित पुँजीगत खर्च ३८.७३ प्रतिशत र चालू खर्च ६९.७ प्रतिशत भएको छ। यस अवधिमा सरकारको राजस्व संकलन लक्ष्यको ९६.२७ प्रतिशत पुगेको छ।

१०.आर्थिक वर्ष २०७३/७४ को एघार महिनासम्ममा रु. ७४ अर्ब २६ करोडले शोधनान्तर बचतमा रहेको छ। बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १३.३ महिनाको वस्तु आयात र ११.५ महिनाको वस्तु तथा सेवा आयात धान्ने देखिन्छ।

## मौद्रिक तथा वित्तीय स्थितिको समीक्षा

### मौद्रिक स्थिति, तरलता व्यवस्थापन तथा ब्याजदर

११.२०७४ जेठ महिनामा विस्तृत मुद्राप्रदायको वार्षिक विन्दुगत वृद्धिदर १६.८ प्रतिशत रहेको छ। त्यसैगरी निजी क्षेत्रतर्फ प्रवाह हुने बैंक कर्जाको वार्षिक विन्दुगत वृद्धि २१.८ प्रतिशत रहेको छ भने निक्षेप १५.५ प्रतिशतले बढेको छ।

१२.२०७३ साउनदेखि २०७४ असार २२ सम्ममा कुल रु. ५४६ अर्ब २ ९ करोड तरलता प्रवाह र रु. ११५ अर्ब ५ करोड तरलता प्रशोचन गरिएको छ।

१३.गतवर्षको तुलनामा अल्पकालीन ब्याजदरहरु बढेका छन् भने कर्जा तथा निक्षेपको ब्याजदरमा समेत वृद्धि भएको छ। ब्याजदर वृद्धि भएको परिणामस्वरुप निक्षेपको संरचनामा सकारात्मक परिवर्तन आएकोछ।

### वित्तीय कार्यक्रमहरुको कार्यान्वयन स्थिति

१४.समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ मा संशोधन भएको छ भने नयाँ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागू भएको छ। वित्तीय क्षेत्रसँग सम्बन्धित ऐनहरुमा भएको संशोधन तथा सुधारले समस्याग्रस्त संस्थाहरुको फरफारक, वित्तीय क्षेत्रको सुशासन तथा वित्तीय साधनको प्रभावकारी परिचालनमा सहयोग मिल्ने विश्वास लिइएको छ।

१५.मौद्रिक नीतिको योजनाबद्ध कार्यान्वयनसँगै निजी क्षेत्रतर्फ कर्जा प्रवाह विस्तार हुँदै गएको छ। २०७४ जेठसम्म कृषि, ऊर्जा, पर्यटन र घरेलु तथा साना उद्योगमा प्रवाहित कर्जा कुल कर्जाको १७.५ प्रतिशत पुगेको छ।

१६.२०७४ जेठ मसान्तसम्ममा रु. १४ अर्ब ३६ करोड पुनरकर्जा उपयोग भएको छ। यसैगरी बैंक तथा वित्तीय संस्थाहरुको लगानीमा रहेको कर्जाको ५.९ प्रतिशत अर्थात् रु. १०३ अर्ब २ करोड विपन्न वर्गमा प्रवाह भएको छ।

१७.हालसम्म कुल १५५ वटा बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन्। यसमध्ये ११२ वटा संस्थाहरुको इजाजत खारेज हुन गई कुल ४३ संस्था कायम भएका छन्।

१८.समस्याग्रस्त घोषणा गरिएका १६ वटा बैंक तथा वित्तीय संस्थाहरुमध्ये ७ वटाको रिजोलुसन प्रक्रिया सम्पन्न भएको छ। जसमध्ये २ वटा संस्था समस्याग्रस्तबाट हटी सामान्य रुपमा संचालनमा आइसकेका छन्।

## आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको स्वरुप

### मौद्रिक नीतिको कार्यदिशा

१९.आन्तरिक तथा वाह्य आर्थिक परिदृश्य, चौधौं योजना, नेपाल राष्ट्र बैंकको रणनीतिक योजना, वित्तीय क्षेत्र विकास रणनीति तथा नेपाल सरकारको बजेटमा उल्लिखित नीति, कार्यक्रम तथा प्राथमिकतासँग तादात्म्य कायम गर्दै आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ।

२०.लक्षित ७.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने गरी मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ। साथै, मुद्रास्फीतिमा पर्नसक्ने दवावलाई नियन्त्रण गर्न मौद्रिक योगाङ्कहरुलाई वाञ्छित सीमाभित्र राख्नेतर्फ मौद्रिक नीति सजग रहेको छ।

२१.वाह्य क्षेत्र स्थायित्वलाई समेत ध्यानमा राखी मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ।

२२.ब्याजदरलाई उपयुक्त स्तरमा कायम राख्न र ब्याजदरमा आउने उतार-चढाव न्यूनीकरण गर्नेतर्फ मौद्रिक नीति केन्द्रित रहेको छ।

२३.कृषि, उर्जा, पर्यटन, साना, मझौला तथा अन्य उत्पादनमूलक उद्योग व्यवसायमा हुने बैंक कर्जा प्रवाहलाई मौद्रिक नीतिले उच्च प्राथमिकतामा राखेको छ।

२४.वित्तीय सेवाको पहुँच विस्तार गर्न संघीय संरचना अनुसार तय भएका ७४४ स्थानीय तहमा बैंक शाखा विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ।

अब म आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको लक्ष्य तथा उपकरणका सम्बन्धमा गरिएका व्यवस्थाहरु उल्लेख गर्न चाहन्छु।

### आर्थिक तथा मौद्रिक लक्ष्य

२५.आर्थिक वर्ष २०७४/७५ मा मुद्रास्फीतिलाई ७ प्रतिशत भित्र सीमित गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको छ।

२६.वाह्य क्षेत्रको स्थायित्वका लागि कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेको छ।

२७.आर्थिक वर्ष २०७४/७५ का लागि नेपाल सरकारले तय गरेको ७.२ प्रतिशतको आर्थिक वृद्धिदरलाई सहयोग पुऱ्याउने गरी आवश्यक तरलता व्यवस्थापन गरिनेछ।

२८.भारतीय मुद्रासँगको स्थिर विनिमयदरलाई मौद्रिक अंकुशको रुपमा यथावत राखी सोको व्यवस्थापनका लागि मौद्रिक तथा कर्जा योगाङ्कहरुलाई वाञ्छित स्तरमा राखिनेछ।

२९.आर्थिक वर्ष २०७४/७५ को लागि विस्तृत मुद्राप्रदाय वृद्धिदर १८ प्रतिशतको सीमाभित्र कायम गर्ने लक्ष्य लिइएको छ।

३०.आर्थिक वर्ष २०७४/७५ को लागि कुल आन्तरिक कर्जा २७.८

क्रमश: १० पेजमा

९ पेजको बाँकी

प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। नेपाल सरकारको बजेटसँग तादात्म्य हुने गरी आन्तरिक कर्जा वृद्धिको लक्ष्य निर्धारण गरिएको छ। निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा २० प्रतिशत राखिएको छ।

## मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण

३१.आर्थिक वर्ष २०७३/७४ देखि कार्यान्वयनमा ल्याइएको ब्याजदर करिडोर पद्धतिलाई समय सापेक्ष परिमार्जन गरिएको छ।

३२.स्थायी तरलता सुविधा दरलाई ब्याजदर करिडोरको माथिल्लो सीमाको रुपमा लिइने पद्धतिलाई यथावत् कायम गरिएको छ। हाल कायम रहेको ७.० प्रतिशतको स्थायी तरलता सुविधा दरलाई यथावत राखिएको छ।

३३.दुई हप्ता अवधिको रिपो दरलाई नीतिगत दरको रुपमा लिइने व्यवस्थालाई यथावत कायम गरिएको छ। दुईहप्ते नीतिगत रिपोदर ५.० प्रतिशत कायम गरिएको छ।

३४.ब्याजदर करिडोर अन्तर्गतको दुईहप्ते निक्षेप संकलन दरलाई तल्लो सीमाको रुपमा लिइने व्यवस्थालाई यथावत कायम गरिएको छ। दुईहप्ते निक्षेप संकलन दरलाई ३.० प्रतिशत कायम गरिएको छ। यो नीतिगत व्यवस्थाले बजार ब्याजदरमा देखिएको उतार चढावलाई न्यूनीकरण गर्न योगदान पुऱ्याउने विश्वास गरिएको छ।

३५.बैंक तथा वित्तीय संस्थाहरुले कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दात तथा वैधानिक तरलता अनुपात यथावत राखिएको छ।

३६.बैंक तथा वित्तीय संस्थाहरुलाई तोकिएका सुरक्षणपत्रको धितोमा प्रदान गरिने स्थायी तरलता सुविधाको समयावधि अधिकतम् ५ कार्यदिनबाट बढाई ७ कार्यदिन कायम गरिएको छ। साथै, यस सुविधाको लागि ऋण-धितो मूल्य अनुपात ९० प्रतिशतसम्म कायम गरिएको छ।

३७.हाल यस बैंकले रु. १० अर्ब ८४ करोडको सीमाभित्र रही पुनरकर्जा सुविधा प्रदान गर्दै आएको छ। आर्थिक पुनरुद्धार कोषमा रहेको रु. ५ अर्ब जलविद्युत लगायत रणनीतिक महत्वका प्राथमिकता प्राप्त क्षेत्रमा पुनरकर्जा उपलब्ध गराउन उपयोग गर्न सकिने व्यवस्था हुन गईरहेको सन्दर्भमा आर्थिक वर्ष २०७३/७४ को यस बैंकको मुनाफाबाट समेत रकम छुट्याई करिब रु. २० अर्बको पुनरकर्जा कोष स्थापना गरिनेछ। यस व्यवस्थाबाट जलविद्युत लगायतका रणनीतिक महत्वका क्षेत्रमा सहुलियतपूर्ण बैंक कर्जा प्रवाह गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

३८.जलविद्युत, कृषि, पर्यटन, निर्यात, साना एवम् मझौला उद्योग, औषधी उत्पादन, सिमेन्ट, गार्मेन्ट लगायतका उत्पादनशील क्षेत्रलाई समावेश गरी प्राथमिकता प्राप्त क्षेत्रको रुपमा परिभाषित गरिनेछ।

३९.वाणिज्य बैंकहरुले कृषि क्षेत्रमा १० प्रतिशत, जलविद्युतमा ५ प्रतिशत, पर्यटन क्षेत्रमा ५ प्रतिशत र बाँकी अन्य प्राथमिकता प्राप्त क्षेत्रमा गरी आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत कर्जा अनिवार्य रुपमा २०७५ असारसम्ममा प्राथमिकता क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिनेछ। विकास बैंक र वित्त कम्पनीहरुले समेत प्राथमिकता प्राप्त क्षेत्रमा आफ्नो कुल कर्जाको न्यूनतम क्रमशः १५ प्रतिशत र १० प्रतिशत कर्जाप्रवाह गर्नुपर्ने व्यवस्था कायम गरिएको छ।

४०.वाणिज्य बैंकले आफ्नो कुल कर्जा लगानीको ५ प्रतिशत, विकास बैंकहरुले ४.५ प्रतिशत र वित्त कम्पनीहरुले ४ प्रतिशत कर्जा विपन्न वर्गमा लगानी गर्नुपर्ने व्यवस्था थयावत कायम गरिएको छ। वाणिज्य बैंकहरुले विपन्न वर्ग अन्तर्गत प्रत्यक्ष रुपमा प्रवाह गर्नुपर्ने न्यूनतम २ प्रतिशतको कर्जा अनुपात अनिवार्य नहुने व्यवस्था गरिएको छ।

अब म आर्थिक वर्ष २०७४/७५ को वित्तीय क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## वित्तीय क्षेत्र सुधार

४१."वित्तीय क्षेत्र विकास रणनीति"मा उल्लेख भएका यस बैंकसँग सम्बन्धित कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछन।

४२.बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम पूर्वाधार विकास बैंक स्थापनाका लागि आवश्यक इजाजत नीति, नियमन र सुपरिवेक्षण सम्बन्धी नीतिगत व्यवस्था गरी पूर्वाधार विकास बैंक स्थापनाका लागि सहजीकरण गरिनेछ।

४३.विभिन्न संगठित संस्थाहरुमा रहेको यस बैंकको सेयर लगानी क्रमशः विनिवेश (Divestment) गर्दै लगिनेछ।

४४.संघीयता कार्यान्वयनको सन्दर्भमा अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकको विराटनगर कार्यालयले प्रदेश नं. १, जनकपुर तथा वीरगंज कार्यालयले साविकको व्यवस्था अनुसारका प्रदेश नं. २ का जिल्लाहरु, केन्द्रीय कार्यालयले प्रदेश नं. ३, पोखरा कार्यालयले प्रदेश नं. ४, सिद्धार्थनगर कार्यालयले साविक बमोजिमका प्रदेश नं. ५ का जिल्लाहरु, नेपालगंज कार्यालयले साविकको व्यवस्था अनुसार प्रदेश नं. ५ का जिल्लाहरु एवम् प्रदेश नं. ६ र धनगढी कार्यालयले प्रदेश नं. ७ को केन्द्रीय बैंकिङ्ग सम्बन्धी कार्य हेर्ने व्यवस्था मिलाइने छ।

४५.सबै स्थानीय तहमा नेपाली मुद्राको सहज आपूर्तिका लागि यस बैंकका कार्यालयहरुले सम्बन्धित प्रदेशमा नोटकोषको उचित व्यवस्थापन गर्नुपर्ने प्रबन्ध मिलाइने छ।

## समष्टिगत विवेकशील नियमन

४६.बैंक तथा वित्तीय संस्थाहरुको पुँजी एवम् तरलता अनुपात सम्बन्धी विवेकशील नियमनहरु यथावत राखिएका छन्।

४७.राष्ट्रिय स्तरका विकास बैंक र वित्त कम्पनीहरुमा समेत चरणवद्ध रुपमा वासल-३ लागू गर्ने व्यवस्था मिलाइने छ।

४८.वाणिज्य बैंकहरुको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश २०७५ असारसम्म ४५ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

४९.आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षामार्फत् कर्जा/प्राथमिक पुँजी-निक्षेप अनुपात गणना गर्दा तोकिएका क्षेत्रमा प्रवाह भएको कर्जाको ५० प्रतिशत घटाउन पाउने सुविधालाई हटाइएको छ। तर, कर्जा/प्राथमिक पुँजी-निक्षेप अनुपात नाघेका बैक तथा वित्तीय संस्थाहरुले २०७४ असोज मसान्तसम्ममा तोकिएको कर्जा/प्राथमिक पुँजी-निक्षेप अनुपातको सीमाभित्र ल्याइसक्नु पर्नेछ।

५०.बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा जाने मार्जिन प्रकृतिको कर्जा प्राथमिक पुँजीको ४० प्रतिशत रकमसम्म मात्र प्रवाह गर्न

क्रमशः ११ पेजमा

१० पेजको बाँकी

पाउने व्यवस्था गरिनेछ । साथै, एउटै सूचीकृत कम्पनीको शेयरको धितोमा मार्जिन प्रकृतिको कर्जा आफ्नो प्राथमिक पुँजीको बढीमा १० प्रतिशतसम्म मात्र प्रवाह गर्न सक्ने व्यवस्था गरिनेछ ।

५१. बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने व्यक्तिगत आवासीय घर कर्जाको रु. १ करोडको सीमालाई वृद्धि गरी रु. १ करोड ५० लाख कायम गरिएको छ ।

५२. काठमाडौं उपत्यकाभित्र रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात (एलटीभी रेसियो) हालको ५० प्रतिशतबाट ४० प्रतिशत कायम गर्ने व्यवस्था गरिएको छ । अन्य स्थानका हकमा साविकको ५० प्रतिशत अनुपातलाई निरन्तरता दिइएको छ । यस व्यवस्थाले संघीयता कार्यान्वयन भइरहेको सन्दर्भमा विकेन्द्रित विकासलाई समेत प्रोत्साहित गर्ने विश्वास गरिएको छ ।

५३. निजी प्रयोजनका सवारी साधनमा ऋण प्रवाह गर्दा सो सवारीको मूल्याङ्कनको अधिकतम ५० प्रतिशतसम्म मात्र बैंकले लगानी गर्न सक्ने व्यवस्थालाई ६५ प्रतिशत पुऱ्याइएको छ । साथै, व्यक्तिगत

५४. लघुवित्त संस्थालाई दिइने ऋणका हकमा सह-वित्तीयकरणको विद्यमान सीमा लागू नहुने व्यवस्था गरिएको छ ।

## नियमन तथा सुपरिवेक्षण

५५. बैंक तथा वित्तीय संस्थाहरुले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७३/७४ को वाह्य लेखापरीक्षण एवम् वित्तीय विवरण सार्वजनिक गर्दाको अवस्थासम्ममा तोकिए बमोजिमको न्यूनतम चुक्ता पुँजी पुगेको व्यहोरा वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणी (Notes to Account) मा स्पष्ट रुपमा जनाइएको हुनु पर्नेछ । यस अनुरुप तोकिएको चुक्ता पुँजी नपुगेमा विद्यमान व्यवस्था अनुरुप नगद लाभांश र बोनश शेयर वितरण एवम् शाखा विस्तारमा रोक लगाउने, निक्षेप संकलन र कर्जा प्रवाहमा सीमा तोक्ने तथा बाध्यकारी मर्जरमा लैजाने लगायतका कारबाही अगाडि बढाइनेछ ।

५६. बैंक तथा वित्तीय संस्था नभएका गाउँपालिकाहरुमा हालसम्म खाता नभएका नेपाली नागरिकहरुको खाता आर्थिक वर्ष २०७४/७५ भित्र खोलेमा प्रति २५०० खाता बराबर रु. १ करोड निर्ब्याजी सापटी एक वर्षको लागि प्रदान गरिनेछ ।

५७. संघीय संरचना अनुसार तय भएका ७४४ स्थानीय तह मध्येका बैंक शाखा नभएका तोकिएका स्थानीय तहमा अनिवार्य रुपमा बैंक शाखा खोल्ने निर्देशन दिइनेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित बैंकको कर्तव्य हुनेछ । निर्देशन पालना नगर्ने बैंकलाई नेपाल राष्ट्र बैंक ऐनमा भएको व्यवस्था बमोजिम आवश्यक कारबाही गरिनेछ । साथै, यस बैंकले सरकारी कारोवारका लागि प्रोत्साहन गर्न तोकिएका स्थानीय तहमा खोलिने शाखालाई प्रति शाखा रु. १ करोड एक वर्षको लागि निर्ब्याजी सापटी प्रदान गर्नेछ ।

५८. इजाजतप्राप्त "ख" तथा "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुको कार्यक्षेत्रलाई चुक्ता पुँजीको आधारमा जिल्लागत रुपले तोक्ने गरिएकोमा सोलाई संघीय संरचना बमोजिम तोक्ने व्यवस्था मिलाइनेछ ।

५९. जोखिम व्यस्थापनका लागि वातावरण तथा सामाजिक जोखिम व्यवस्थापन (Environmental and Social Risk Management) सम्बन्धी निर्देशिका जारी गरिनेछ ।

६०. बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने अधिविकर्ष कर्जा तथा माग एवम् चालू पुँजी कर्जा सम्बन्धमा छुट्टै निर्देशन जारी गरिनेछ ।

६१. सर्वसाधारणले नगद बोकी आफ्नो खाता रहेको बैंकसम्म गई रकम जम्मा गर्नु पर्दा कारोबार लागत बढ्नुको साथै जोखिमको समेत सम्भावना रहने हुँदा बैंकिङ्ग सेवा तथा कारोबारलाई थप सरल तथा सहज बनाउन ग्राहकले जुनसुकै बैंक वा वित्तीय संस्थामा गई आफ्नो खाता रहेको बैंकमा रकम जम्मा गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

६२. यस बैंकले तोकेको मापदण्ड पूरा गरेका राष्ट्रियस्तरका विकास बैंकहरुलाई स्वदेशी प्रतीतपत्रको कारोबार गर्न स्वीकृति दिने व्यवस्था मिलाइनेछ ।

६३. २०७४ साउन १ देखि रु. १० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेकमार्फत् गर्नुपर्ने व्यवस्था गरिएको छ ।

६४. हालसम्म रु. १० लाखभन्दा माथिको कर्जाको मात्र कर्जा सूचना दिने व्यवस्था रहेकोमा प्रत्येक कर्जाको सूचना कर्जा सूचना केन्द्रलाई उपलब्ध गराउनु पर्ने व्यवस्था गरिनेछ । रु. १० लाखभन्दा कम कर्जाको सूचना निःशुल्क रुपमा लिनु/दिनु पर्ने व्यवस्था मिलाइनेछ ।

६५. कर्जा सूचना विनियमावली, २०५९ मा वाणिज्य बैंक तथा वित्तीय संस्थालाई शुल्क लिई वा नलिई कर्जा सूचना उपलब्ध गराउने भन्ने व्यवस्था रहेकोमा सम्बन्धित व्यक्ति/ऋणीलाई समेत यो सुविधा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

६६. यस बैंकबाट इजाजत प्राप्त संस्थाले नियमित रुपमा कर्जा सूचना केन्द्रमा सूचना नपठाएमा त्यस्तो सूचना नपठाउने संस्थालाई कारबाही गरिनेछ ।

६७. नेपालको विद्यमान भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्न भुक्तानी तथा फछ्र्यौट ऐनको मस्यौदा तयार गरिनेछ । त्यसैगरी, National Payment Switch/Gateway स्थापनाको प्रक्रिया अगाडि बढाइनुका साथै FinTech कारोबारको अनुगमन गर्न उपयुक्त किसिमको RegTech संयन्त्रको निर्माण गरिने छ ।

६८. कर्जा तथा निक्षेपबीचको ब्याजदर अन्तर घट्दै जानुपर्ने सम्बन्धमा सरोकारवालाहरुको चासोलाई ध्यानमा राखी ब्याजदर अन्तरलाई वित्तीय क्षेत्र विकास रणनीतिले मार्गनिर्देश गरे अनुरुपको स्तरमा कायम राख्न आवश्यक व्यवस्था मिलाइने छ ।

अब म आर्थिक वर्ष २०७४/७५ को लघुवित्त तथा वित्तीय ग्राहक संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु बारे जानकारी गराउन चाहन्छु ।

६०. लघुवित्त संस्थाहरुले ग्राहकसँग सम्बन्धित विभिन्न कोषहरुलाई एकीकृत गरी कार्यविधि बनाएर मात्र त्यस्तो कोषमा रहेको रकम उपयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

७०. लघुवित्त संस्थाको इजाजतका लागि आवेदन लिने कार्य स्थगित गरिएको छ ।

७१. वित्तीय सेवा लिने ग्राहकहरुको हित संरक्षणका लागिसेवा शुल्क सम्बन्धमा यस बैंकले जारी गरेको मार्गदर्शनलाई पुनरावलोकन गरिनेछ ।

बाँकी अन्तिम पेजमा

११ पेजको बाँकी

७२.ज्येष्ठ नागरिक, फरक ढंगले सक्षम र साक्षर नभएका व्यक्तिहरुलाई सहज रुपमा बैंकिङ्ग सेवा उपलब्ध गराउन प्रत्येक बैंक तथा वित्तीय संस्थाले त्यस्ता ग्राहकहरुलाई विशेष काउण्टर तोकी सेवा दिनु पर्ने व्यवस्था गरिनेछ। साथै, बैंक तथा वित्तीय संस्थाको एटीएम सेवा फरक ढंगले सक्षम व्यक्तिमैत्री बनाउन आवश्यक व्यवस्था गरिनेछ।

७३.बैंक तथा वित्तीय संस्थाहरुमा तोकिएको "सूचना तथा गुनासो सुनुवाई डेस्क" लाई थप प्रभावकारी बनाइने छ।

७४.बैंक तथा वित्तीय संस्थाहरुले मुद्दती निक्षेप खाता खोल्ने ग्राहकलाई सो मुद्दती निक्षेप रसीदको धितोमा कर्जा प्रदान गर्दा खाता खोल्दाके वखत कर्जामा लाग्ने ब्याजदर तय गर्नुपर्ने र यसरी तय भएको ब्याजदरभन्दा बढी लिन नपाइने व्यवस्था गरिनेछ।

७५.हाल बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्ने प्रयोजनका लागि ऋणीबाट लिने धितो सम्पत्तिको मूल्याङ्कन, धितो सकार र धितो लिलामी गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गरिनेछ।

अब म विदेशी विनिमयसंग सम्बन्धित व्यवस्थाहरुको उल्लेख गर्न चाहन्छु।

७६.विदेशी सेवा प्रदायकहरुबाट नेपालभित्र हुने इलेक्ट्रोनिक कार्ड कारोबारको फर्छ्यौट नेपालमै गरी खुद रकममात्र भुक्तानी हुने व्यवस्था मिलाइने छ।

७७.निश्चित मापदण्ड पूरा गरेका इजाजतप्राप्त संस्थाहरुलाई प्वाइन्ट अफ सेल (PoS) मार्फत् सटही दिन सक्ने तथा आफ्नो सेवाको भुक्तानी लिन सक्ने व्यवस्था गरिनेछ।

७८.होटलमा बस्ने आफ्ना ग्राहकलाई आवश्यक परेमा प्रतिग्राहक अधिकतम ३०० अमेरिकी डलर बराबरसम्म सटही दिन सक्ने व्यवस्था गरिनेछ।

७९.बिरामी बाहेक अन्य विभिन्न प्रयोजनको लागि भारत जाँदा भा.रु. ५० हजारभन्दा बढीको सटही सुविधा लिनुपर्दा अनिवार्य रुपमा कार्ड वा बैंकिङ्ग उपकरणमार्फत् सटही प्रदान गर्ने व्यवस्था गरिनेछ।

८०.नेपाली वायुसेवा प्रदायक कम्पनीहरुमा काम गर्ने विदेशी नागरिकको श्रम स्वीकृति र सम्झौताको अवधि बहाल रहेको अवस्थामा प्रचलित कानून बमोजिम बढीमा १ वर्षको पारिश्रमिक पठाउने गरी एकैपटक स्थायी सटही सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

८१.नेपाली नागरिक, फर्म तथा संस्थाहरुले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर-आवासीय नेपाली वा संघ संस्थाबाट बैंकले तोकेको शर्तको अधिनमा रही अमेरिकी डलर २ लाखसम्म ऋण लिने व्यवस्था रहेकोमा सोलाई वृद्धि गरी अमेरिकी डलर ५ लाखसम्म र भारतको हकमा ५ करोड भारतीय रुपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गरिनेछ।

८२.विद्यमान व्यवस्था वमोजिम इजाजत प्राप्त बैंकहरुले आफूसँग भएको विदेशी मुद्रा विदेशस्थित बैंकमा लगानी गर्दा अधिकतम २ वर्षसम्म लगानी गर्न सक्ने व्यवस्था रहेकोमा पूर्ण तरल सरकारी सुरक्षणपत्रमा बढीमा ५ वर्षसम्मका लागि लगानी गर्न सक्ने व्यवस्था गरिनेछ।

८३.नेपालमा सञ्चालन भइरहेका विभिन्न पूर्वाधार विकास निर्माणका आयोजनाहरुले आयोजना निर्माणका क्रममा चालू खर्चलाई धान्न अल्पकालीन सुविधा (Short Term Advances) आवश्यक परी विदेशबाट ल्याउनुपर्ने भएमा त्यस्तो ऋण सहज रुपमा लिन सक्ने व्यवस्था गरिनेछ।

८४.विदेशी लगानीकर्ताहरुलाई लाभांश फिर्ता लैजाने वर्तमान व्यवस्थामा सरलीकरण गर्दै जाने नीति लिइनेछ। यसअन्तर्गत वार्षिक रु. १० करोडसम्मको लाभांश वितरण गर्ने फर्म, कम्पनी, संस्थाहरुले तोकिएको कागजात पेश गरी वाणिज्य बैंकमार्फत् सोझै सटही पाउन सक्ने व्यवस्था गरिनेछ।

८५.हवाईजहाज, दूरसंचारका पार्टपूर्जा तथा मेडिकल इक्विपमेन्टका पार्टपूर्जा आधिकारिक एजेन्टमार्फत् तत्कालै विदेशबाट मगाउनु परेमा अमेरिकी डलर १० हजारसम्मका सामानहरु बिक्रेताले उधारोमा पठाइदिएमा त्यस्ता सामान नियमानुसार भन्सार जाँच पास भई आएको ९० दिनभित्र कागजातका आधारमा भुक्तानी पठाउन सकिने व्यवस्था गरिनेछ।

अन्त्यमा,

८६.चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्द्ध-वार्षिक समीक्षा गर्दाका वखत बैंकिङ्ग क्षेत्रको साधन परिचालनमा केही दबावको स्थिति रहेता पनि पछिल्लो समय यसमा सुधार हुँदै आएको छ। आर्थिक गतिविधि विस्तार प्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय चासो बढेको अवस्थामा नेपाल सरकारको बजेटसँग तादात्म्यता कायम गरी तर्जुमा गरिएको आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व तथा लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

८७.प्रस्तुत मौद्रिक नीति तर्जुमाको क्रममा सहयोग पुऱ्याउने नेपाल सरकारका निकायहरु, बैंक तथा वित्तीय संस्थाहरु, विभिन्न व्यावसायिक संघ-संस्थाहरु, विद्वत् वर्ग, सञ्चार माध्यम लगायत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै यो मौद्रिक नीतिमा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सदाझैं सबैको सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

८८.यो मौद्रिक नीतिको पूर्ण पाठ यस बैंकको वेवसाइट www.nrb.org.np मा राखिसकिएको छ।

धन्यवाद !

२०७४ असार २५ गते

प्रकाशक
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल: samachar@nrb.org.np, वेवसाईट: www.nrb.org.np

सम्पादक
शम्भुनाथ ढुङ्गाना

सम्पादन सहयोगी
सुरेश पन्त
समिता श्रेष्ठ
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४२६७५९८, ४२६८११६